CHANDRAGIRI HILLS
WHERE WISHES COME TRUE

# CHANDRAGIRI HILLS LIMITED

Thankot, Kathmandu, www.chadragirihills.com
Phone no : + 977 4312515

## १२औं वार्षिक साधारणसभाको अभिलेख (माइन्युट)
## कम्पनी ऐन, २०६३ को दफा ७५ (३) को व्यवस्थाबमोजिमको सार्वजनिक सूचना

चन्द्रागिरि हिल्स लिमिटेडको मिति २०७८ पुस २९ गते बिहीबारका दिन बोलाइएको कम्पनीको बाह्रौं वार्षिक साधारणसभा यस चन्द्रागिरि हिल्स लिमिटेडको टप स्टेसनमा रहेको सभाहलमा सञ्चालक समितिका अध्यक्ष श्री चन्द्रप्रसाद ढकालज्यूको सभापतित्वमा दिनको ११.०० बजे सुरु भई ३:०० बजेसम्म देहायबमोजिमका प्रस्तावहरूउपर छलफल गरी निम्नानुसार निर्णय गरी सु-सम्पन्न भयो ।

**सभाको सूचना**

कम्पनीको मिति २०७८/०९/०५ गते बसेको सञ्चालक समितिको बैठकले बाह्रौं वार्षिक साधारणसभा बोलाउनको लागि आजको मिति तोक्ने निर्णय गरेपश्चात् कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) को व्यवस्थाबमोजिम कम्पनीको १२औं साधारणसभाको लागि सभा हुने मिति, समय, स्थान, छलफलका प्रस्तावहरू र सेयर दाखिल खारेज दर्ता किताब बन्द रहने सम्बन्धी सूचना तीनपटक क्रमशः मिति २०७८ पुस ७ गते बुधबार, पुस १६ गते आइतबार र पुस २८ बुधबार गरी तीनपटक राष्ट्रिय दैनिक नयाँ पत्रिकामा सूचना निकालिएको थियो ।

त्यसैगरी यसरी प्रकाशन गरिएको सूचनासहित कम्पनीको आ.व. ०७७/०७८ को लेखापरीक्षण सम्पन्न भएको वासलात, आयव्यय हिसाब र नगद प्रवाह विवरणसहितको वार्षिक आर्थिक प्रतिवेदन विवरण कम्पनीको वेबसाइट www.chandragirihills.com मा समेत सेयरधनी महानुभावहरूको अधिकतम जानकारीका लागि उपलब्ध गराइएको छ। त्यसैगरी कम्पनीको बाह्रौं वार्षिक साधारणसभामा सेयरधनीहरूलाई कोभिड- १९ संक्रमणको जोखिमको कारण नेपाल सरकारले स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्ड अपनाउन तथा भिडभाड नगर्न आग्रह गरेकाले स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्ड परिपालना गर्दै सभा सम्पन्न गर्नुपर्ने विशेष परिस्थितिका कारण सेयरधनी महानुभावहरूलाई भर्चुअल (Zoom) मार्फत समेत सहभागी हुन सक्ने गरी Meeting ID/ Password को व्यवस्थासमेत गरिएको जानकारी गराउनुभयो ।

**सभाको वैधानिकता :**

कम्पनीको बाह्रौं वार्षिक साधारणसभा कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावलीअनुसार बोलाइएको र कम्पनीको नियमावलीको नियम २३ बमोजिम साधारणसभाको गणपूरक संख्या बाँडफाँड भएको कुल सेयर संख्याको ५० प्रतिशतभन्दा बढी सेयरधनीको प्रतिनिधित्व हुने गरी कुल सेयरधनीहरूमध्ये कम्तीमा पाँचजना सेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान रहेकाले कम्पनीको १२औं वार्षिक साधारणसभामा राखिएको सेयरधनीको हाजिरीपुस्तिकामा हाजिर जनाउने सेयरधनीको संख्या सोभन्दा बढी भएकाले कम्पनी सचिवले साधारणसभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानुनअनुसार सभा वैधानिक भएको जानकारी गराउनुभयो ।

**सभाको विषयसूची :**

**क) सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत बाह्रौं वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदनसहितको २०७८ को असार मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व २०७७/०७८ को आय-व्यय हिसाब र नगद प्रवाह विवरणलगायतका वित्तीय विवरणहरू स्वीकृत गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०७८/०७९ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**ख) विशेष प्रस्ताव :**

१. चन्द्रागिरि हिल्स लिमिटेडको प्रबन्धपत्रको दफा ४ (१) (झ) मा कम्पनीको उद्देश्यमा थप गर्ने ।

२. स्वतन्त्र सञ्चालकको मनोनयन पारित गर्ने सम्बन्धमा ।

३. सर्वसाधारण सेयर सदस्यबाट एकजना सञ्चालकको निर्वाचन तथा मनोनयन गर्ने सम्बन्धमा ।

४. अख्तियारी दिने सम्बन्धमा ।

**निणर्यहरू :**

**क) सामान्य प्रस्ताव :**

१) प्रस्ताव नं. १ : सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत बाह्रौं वार्षिक प्रतिवेदन पारित गरियोस् भनी सभामा राखिएको प्रस्तावलाई सर्वसम्मतिबाट पारित गरियो ।

२) प्रस्ताव नं. २ : लेखापरीक्षकको प्रतिवेदनसहितको आ.व. २०७८ असार मसान्तसम्मको वासलात, सोही मितिमा समाप्त भएको आ.व. २०७७/०७८ को आय-व्यय हिसाब र नगद प्रवाह विवरणलगायतका वित्तीय विवरणहरू स्वीकृत गरियोस् भनी राखिएको प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत गरियो ।

३) प्रस्ताव नं. ३ : कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०७८/०७९ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने विषयउपर छलफल हुँदा यस कम्पनीको आ.व. २०७८/०७९ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको रूपमा भट्ट एन्ड कम्पनी, चार्टर्ड एकाउन्टटेन्टस्लाई लेखापरीक्षकको रूपमा नियुक्ति गर्ने र निजको पारिश्रमिकबापत रु. ४,००,००० (चार लाख मात्र भ्याटबाहेक) निर्धारण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

**ख) विशेष प्रस्ताव :**

**१. चन्द्रागिरि हिल्स लिमिटेडको प्रबन्धपत्रको दफा ४ (१) (झ) मा कम्पनीको उद्देश्यमा थप गर्ने ।**

चन्द्रागिरि हिल्स लिमिटेडको प्रबन्धपत्रको दफा ४ (१) (झ) मा कम्पनीको उद्देश्यमा एम्युजमेन्ट पार्क सञ्चालन गर्ने भन्ने उद्देश्य मात्र रहेकोमा सोही बुँदामा एम्युजमेन्ट पार्कअन्तर्गतका साहसिक गतिविधिहरू जस्तै जिपलाइन, जिप फ्लायर, स्काई साइकिङ, स्विङ, वाल क्लाइम्बिङ, रक क्लाइम्बिङ, बन्जी जम्पिङ, हर्स राइडिङ आदि व्यवसाय सञ्चालन गर्ने भनी उद्देश्यमा थप गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

यसपश्चात दफा ४ (१) (झ) मा तपसिलबमोजिम हुने छ ।

सबै वर्ग र समूहहरूको लागि उपयुक्त हुने एम्युजमेन्ट पार्कअन्तर्गतका साहसिक गतिविधिहरू जस्तै जिपलाइन, जिप फ्लायर, स्काई साइकिङ, स्विङ, वाल क्लाइम्बिङ, रक क्लाइम्बिङ, बन्जी जम्पिङ, हर्स राइडिङ आदि व्यवसाय सञ्चालन गर्ने भनी उद्देश्यमा थप हुने छ ।

**२. स्वतन्त्र सञ्चालकको नियुक्ति गर्ने सम्बन्धमा ।**

स्वतन्त्र सञ्चालकको नियुक्ति गर्ने विषयमाथि छलफल हुँदा मिति २०७८/०९/२८ गते बसेको सञ्चालक समितिबाट सिफारिस भई आएका तीनजना सदस्यहरू श्री प्रेमराज जोशी, नेपाल सरकारको रिटायर्ड सहसचिव, पर्यटनविज्ञ, अधिवक्ता अर्जुनकुमार बाँस्कोटा, कानुनविज्ञ, श्रीमती सुजाता प्रसाईं, व्यापारविज्ञमध्ये कम्पनी ऐन २०६३ को दफा ८६ वमोजिम श्री प्रेमराज जोशीलाई आगामी चार वर्षको लागि स्वतन्त्र सञ्चालक पदमा नियुक्ति गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

**३. सर्वसाधारण सेयर सदस्यबाट एकजना सञ्चालकको निर्वाचन तथा नियुक्ति गर्ने सम्बन्धमा ।**

सर्वसाधारण सेयरधनीबाट एकजना सञ्चालकको निर्वाचन तथा नियुक्ति गर्ने विषयमाथि छलफल हुँदा सञ्चालकको निर्वाचन प्रयोजनका लागि सञ्चालक समितिबाट नियुक्त निर्वाचन अधिकृत अधिवक्ता विष्णुप्रसाद बाँस्कोटाद्वारा प्रकाशन गरिएको निर्वाचन कार्यक्रमबमोजिम तोकिएको समयावधिभित्र क्रमशः श्री उमा विष्ट जिसी र श्री मनीषा प्रधानको मनोनयनपत्र दर्ता हुन आएकोमा मिति २०७८/०९/२६ गतेका दिनमा कीर्तिपुर १, काठमाडौं ठेगाना रहेको श्री मनीषा प्रधानले उम्मेदवारी फिर्ता लिएकाले एकजनाको उम्मेदवारी मात्र कायम रहेकाले श्री उमा विष्ट जिसी निर्विरोध निर्वाचित भएको घोषणा निर्वाचन अधिकृतले गर्नुभएकाले आगामी चार वर्षको लागि सर्वसाधारण सेयरधनीको तर्फबाट सञ्चालक पदमा श्री उमा विष्ट जिसी निर्विरोध निर्वाचित भएको प्रस्ताव पारित गरियो ।

**४. अख्तियारी दिने सम्बन्धमा ।**

प्रबन्धपत्र तथा नियमावलीमा प्रस्तावित संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिवर्तन वा संशोधनको निर्देशन भएमा सोहीबमोजिम थपघट, परिवर्तन वा संशोधन गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिनेसम्बन्धी प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

**विविध**

विविध विषयअन्तर्गत छलफलका अन्य विषयहरू नभएकाले अध्यक्षज्यूबाट उपस्थित सम्पूर्ण सेयरधनी महानुभावहरू तथा अन्य उपस्थित सम्पूर्ण मान्यजनहरूलाई धन्यवाद ज्ञापन गरी सभा सम्पन्न भएको घोषणा गर्नुभयो ।

**आज्ञाले**
**कम्पनी सचिव**